नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सर्वसाधारणको राय माग गरिएको सूचना

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले पूर्वाधार न्यायाधिकरण गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयकउपर मन्त्रालयद्वारा सञ्चालित सुझाव पोर्टल https://lawfeedback.moljpa.gov.np/ मार्फत् वा संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा इमेल गरी सात दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारणसमक्ष अनुरोध छ।

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

पूर्वाधार न्यायाधिकरण गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव</u>

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण :**

(क) पूर्वाधार निर्माणका लागि गरिने ठेक्का, जग्गा प्राप्ति, मुआब्जा निर्धारण जस्ता विषयमा अदालतमा मुद्दा पर्ने र माथिल्लो तहसम्म पुगी अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको, त्यस्ता विषयमा रिट निवेदन दायर गर्ने र त्यस्ता रिट निवेदनका सन्दर्भमा अदालतबाट एकतर्फी सुनुवाइमा अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी हुने गरेको र त्यस्ता रिट निवेदन किनारा लाग्न लामो समय लाग्ने गरेकोबाट देश भरी सयौं आयोजनाहरू वर्षौंसम्म मुद्दामै अल्झिएर अलपत्र अवस्थामा रहनुपरेकाले सोको समाधानका लागि विशेष अधिकार क्षेत्र तोकी विज्ञहरूको संलग्नतामा शीघ्र रूपमा मुद्दा किनारा लगाउने गरी पूर्वाधार न्यायाधिकरण गठन गर्नुपरेको।

(ख) सार्वजनिक हितलाई सर्वोपरी राख्दै विकास आयोजनालाई कानूनी प्रक्रियामा अल्झिन नदिई छिटो, प्रभावकारी र विशेषज्ञ न्याय प्रणाली स्थापना गर्नु आजको बदलिँदो परिस्थितिमा अपरिहार्य भएकोले आयोजनाहरूलाई समय र लागत नबढ्ने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न पूर्वाधार न्यायाधिकरण गठन गर्नुपरेको।

(ग) मुद्दा चलिरहँदा पनि आयोजनाको कार्य सम्पादन नरोकिने गरी व्यवस्था गर्नुपरेको।

(घ) जग्गा प्राप्ति, मुआब्जा निर्धारणका विषयमा अदालतमा मुद्दा परेपछि माथिल्लो तहसम्म पुगी अन्तिम अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको, यसबाट समय र लागत अत्यधिक बढ्न (Time and Cost Overrun) गई आयोजना कार्यान्वयनमा बाधा अवरोध उत्पन्न हुने, आयोजना नै संभाव्य (Feasible) नहुने अवस्थामा पुग्ने तथा यस्ता आयोजनाबाट सर्वसाधारण नागरिक (Public-in-general) ले पाउने सेवा सुविधाबाट लामो समय बञ्चित हुन बाध्य हुनु परेकोले आयोजनाहरूलाई समय र लागत नबढ्ने गरी समयमा नै पूरा हुने गरी मुद्दा मामिलाहरू छिटो छरितो रूपमा निरूपण गर्न आवश्यक व्यवस्था गर्नुपरेको।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव :**

पूर्वाधार निर्माणसँग सम्बन्धित विवादका विषय शीघ्र रूपमा निरूपण भई विकास आयोजनाहरू समयमा नै सम्पन्न हुने अवस्थाले आम नागरिकले सेवा प्रवाहमा सहजता र सुविधा प्राप्त गर्न सक्ने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव :**

पूर्वाधार न्यायाधिकरण गठन गर्दा भौतिक स्रोत साधनका साथसाथै मानवस्रोत साधन आवश्यक पर्ने भएकोले नेपाल सरकारलाई सालबसालीरूपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग :**

पूर्वाधार निर्माणसँग सम्बन्धित विषयका विवाद शीघ्र रुपमा निरूपण भई विकास आयोजनाहरु सहज रूपमा सञ्चालन हुँदा दिगो विकासका १७ लक्ष्यमध्ये अन्य लक्ष्यका अतिरिक्त लक्ष्य नं. ९ मा उल्लिखित लचिलो पूर्वाधार निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणलाई प्रोत्साहन गर्ने र नवप्रवर्तनमा जोड दिने विषयलाई कार्यान्वयन गर्न सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव :**

आयोजनासँग सम्बन्धित विवादहरू नियमित अदालतको क्षेत्राधिकार भन्दा बाहिर रही न्यायाधिकरणबाट शीघ्र रूपमा निरूपण हुँदा सुशासन प्रवर्द्धनमा सकरात्मक प्रभाव पर्न जाने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग :**

नभएको।

**७. अन्य आवश्यक विषय :**

**विधेयकमा** देहाय **बमोजिमका** विषय समेत **समावेश** रहेको :-

(क) न्यायाधिकरणको स्थापना र गठन

(ख) अध्यक्ष तथा सदस्यको पदावधि, पदमा नरहने अवस्था

(ग) न्यायाधिकरणको अधिकारक्षेत्र र सोको प्रयोग

(घ) निर्णय अवधि, मुद्दाको कार्यविधि तथा पुनरावेदन सम्बन्धी व्यवस्था

(ङ) अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा, रजिष्ट्रार तथा कर्मचारी

(च) सार्वजनिक पूर्वाधार निर्माण कार्य रोक्न नहुने

(छ) श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत मुद्दाको कारबाही र किनारा गर्नसक्ने

(ज) मुद्दा सर्ने

(झ) प्रत्यायोजित विधायन बनाउने अधिकार।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# पूर्वाधार न्यायाधिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : पूर्वाधार निर्माणसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा छिटो छरितो रूपमा गरी विकासको काममा तिब्रता प्रदान गर्न पूर्वाधार न्यायाधिकरणको स्थापना, गठन, सञ्चालन र अधिकारक्षेत्र तथा कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "पूर्वाधार न्यायाधिकरण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले न्यायाधिकरणको अध्यक्ष सम्झनु पर्छ।

(ख) "पूर्वाधार निर्माण" भन्नाले सडक, जलविद्युत तथा विद्युत प्रसारण लाइन, विमानस्थल, सूचना प्रविधि, शहरी विकास, खानेपानी जस्ता भौतिक संरचनाको निर्माण, मर्मत तथा सम्भारलाई सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(घ) "न्यायाधिकरण" भन्नाले दफा ३ बमोजिम गठित पूर्वाधार न्यायाधिकरण सम्झनुपर्छ।

(ङ) "सदस्य" भन्नाले न्यायाधिकरणको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

## परिच्छेद-२
## न्यायाधिकरणको स्थापना र गठन

३. **न्यायाधिकरणको स्थापना र गठन** : (१) दफा ६ बमोजिमको मुद्दामा सुरु कारबाही र किनारा गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक पूर्वाधार न्यायाधिकरणको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको न्यायाधिकरणको गठन देहायबमोजिम हुनेछ :-

(क) न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशहरू मध्येबाट नेपाल सरकार, -अध्यक्ष

मन्त्रिपरिषद्ले तोकेको एकजना न्यायाधीश

(ख) अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य कानून वा वित्त विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सार्वजनिक खरिदको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्त गरेको एकजना विज्ञ -सदस्य

(ग) ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र आयोजना व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्त गरेको एकजना विज्ञ -सदस्य

(३) उपदफा (२) बमोजिमको न्यायाधिकरणको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र प्रादेशिक क्षेत्राधिकार नेपालभर हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधिकरणमा तोकिएभन्दा बढी सङ्ख्यामा मुद्दा रहेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको स्थानमा मुकाम र प्रादेशिक क्षेत्राधिकार रहने गरी यस दफाबमोजिम थप न्यायाधिकरण गठन गर्न सक्नेछ।

(५) देहायको व्यक्ति न्यायाधिकरणको सदस्य पदमा नियुक्ति हुन योग्य हुनेछैन :-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरूपयोग, अपहरण शरीरबन्धक, जबरजस्ती करणी वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसुरदार ठहरिएको,

(ग) प्रचलित कानूनबमोजिम दामासाही वा कालोसूचीमा परेको,

(घ) अदालत वा प्रचलित कानूनबमोजिम स्थापना भएको नियमनकारी निकायबाट कुनै दण्ड सजाय पाएको, वा

(ङ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिको लागि निवेदन दिएको वा त्यस्तो अनुमति लिएको,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले वसोवास गर्न पाउने गरी नेपाली

नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

४. <u>अध्यक्ष तथा सदस्यको पदावधि</u> : (१) अध्यक्ष न्याय परिषद्को परामर्शमा नेपाल सरकारले तोकेको अवधिसम्म बहाल रहनेछ।

(२) सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निज अर्को एक अविधका लागि नियुक्त हुन सक्नेछ।

५. <u>अध्यक्ष र सदस्य पदमा बहाल नरहने अवस्था</u> : (१) यस ऐनबमोजिम नियुक्त सदस्य देहायको कुनै अवस्थामा आफ्नो पदमा बहाल रहनेछैन :-

(क) दफा ४ बमोजिम निजको पदावधि समाप्त भएमा,

(ख) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ग) खराब आचरण, कार्य क्षमताको अभाव वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्ले पदबाट हटाएमा,

(घ) निजको उमेर त्रिसठ्ठी वर्ष पूरा भएमा, वा

(ङ) निजको मृत्यु भएमा।

(२) सदस्यलाई उपदफा (१) को खण्ड (ग) बमोजिम हटाउनुअघि सफाइ पेस गर्न मनासिव मौका दिनु पर्नेछ।

(३) न्यायाधिकरणको अध्यक्ष तोकिएको उच्च अदालतको न्यायाधीश जुनसुकै व्यहोराले उच्च अदालतको न्यायाधीशको पदबाट अलग भएमा अध्यक्ष पदबाट समेत स्वतः अलग भएको मानिनेछ।

## परिच्छेद-३
## न्यायाधिकरणको अधिकारक्षेत्र र सोको प्रयोग

६. <u>न्यायाधिकरणको अधिकारक्षेत्र</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधिकरणलाई देहायका विषयका मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार हुनेछ :-

(क) सार्वजनिक खरिद लगायत पूर्वाधार विकास तथा निर्माणसम्बन्धी संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) का साझेदार बिच (स्वदेशी-विदेशी वा स्वदेशी-स्वदेशी) हुने विवाद,

(ख) सार्वजनिक खरिद लगायत पूर्वाधार विकास तथा निर्माणसम्बन्धी बोलपत्रको कार्यसम्पादन जमानत वा अग्रिम भुक्तानी जमानतसम्बन्धी विवाद,

(ग) मध्यस्थता ऐन, २०५५ को दफा ३० र ३२ मा उल्लिखित विषय,

(घ) ठेक्का सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका विषयसँग सम्बन्धित विवाद :-

(१) सार्वजनिक खरिद लगायत पूर्वाधार विकास तथा निर्माणको ठेक्का,

(२) सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन हुने आयोजनासम्बन्धी विवाद,

(३) सार्वजनिक पूर्वाधार निर्माण चरणमा निर्माण व्यवसायी वा परामर्शदातासँग सम्बन्धित जनशक्ति, आपूर्तिकर्ता, स्थानीय प्रभावित व्यक्ति, संस्था वा समुदायसँग सम्बन्धित वा निजहरू बिचको विवाद,

(४) सार्वजनिक पूर्वाधार निर्माण चरणमा निर्माण व्यावसायीले उपयोग गर्ने निर्माण सामग्रीको उत्खनन विधि र स्थल, निर्माण पश्चात् मर्मत सम्भार र सञ्चालनमा निर्माण व्यावसायीको दायित्वसम्बन्धी विवाद, र

(५) आयोजनासँग सम्बन्धित अन्य विवाद।

(ङ) सार्वजनिक पूर्वाधार विकास तथा निर्माणसम्बन्धी आयोजनाको सीमा क्षेत्र (राइट अफ वे) सम्बन्धी विवाद,

(च) सार्वजनिक पूर्वाधार विकास तथा निर्माणसँग सम्बन्धित आयोजनाको जग्गा प्राप्ति तथा भोगाधिकारसम्बन्धी विवाद,

(छ) सार्वजनिक पूर्वाधार निर्माणसँग सम्बन्धित ठेक्का, सार्वजनिक खरिदमा वस्तु र आपूर्तिसँग सम्बन्धित ठेक्काको छनोट, अन्त्य तथा निर्माण व्यवसायी वा आपूर्तिककर्ताको कालो सूचीसम्बन्धी विवाद,

(ज) सार्वजनिक पूर्वाधार निर्माणको परामर्श सेवा वा सेवा खरिदसँग सम्बन्धी विवाद, र

(झ) न्यायाधिकरणको अधिकार क्षेत्रभित्र पर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य सार्वजनिक पूर्वाधार निर्माणसम्बन्धी विवाद।

७. <u>न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग</u> : (१) न्यायाधिकरणको अधिकारक्षेत्रको प्रयोग न्यायाधिकरणका अध्यक्ष र सदस्यले सामूहिक रूपमा गर्नेछन्।

तर एकजनामात्र उपस्थित भएको इजलासले मुद्दाको कारबाही तथा अध्यक्ष र एकजना सदस्य उपस्थित भएको इजलासले दुवैजनाको मतैक्य भएमा किनारा गर्न सक्नेछ।

(२) अध्यक्ष र सबै सदस्य उपस्थित भएको इजलासमा मुद्दाको किनारा गर्दा तीनैजना सदस्यको एकमत वा दुई जनाको बहुमत कायम भए सो मत न्यायाधिकरणको निर्णय मानिनेछ।

(३) दुईजना सदस्य उपस्थित भएको इजलासमा एकमत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको रायबमोजिम र अध्यक्ष बाहेकको इजलास भए अध्यक्षसमक्ष पेश गरी निजले समर्थन गरेको रायबमोजिम हुनेछ।

(४) यस दफाबमोजिम मुद्दाको किनारा गर्दा अध्यक्ष र सदस्य तीनै जनाको राय फरक-फरक हुन गएमा त्यस्तो मुद्दाको किनारा गर्न तीन दिनभित्र मिसिल प्रादेशिक अधिकारक्षेत्र भएको उच्च अदालतमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मिसिल प्राप्त भएमा उच्च अदालतले आफूसमक्ष प्राप्त भएको मितिले साठी दिनभित्र सो मुद्दाको किनारा गर्नु पर्नेछ।

८. <u>स्वार्थ बाझिएको मुद्दाको कारबाही र किनारा गर्न नहुने</u> : (१) अध्यक्ष वा सदस्यले स्वार्थ बाझिएको मुद्दाको कारबाही र किनारा गर्नु हुँदैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वार्थ बाझिएको कारण अध्यक्षले कारबाही वा किनारा गर्न नहुने मुद्दामा अध्यक्ष बाहेकका दुई जना सदस्य भएको इजलासले त्यस्तो मुद्दाको कारबाही वा किनारा गर्नेछ।

तर स्वार्थ बाझिएको कारण अध्यक्ष र कुनै एक सदस्य वा तिनै जनाले मुद्दाको कारबाही वा किनारा गर्न नहुने मुद्दाको किनाराको लागि मिसिल प्रादेशिक अधिकारक्षेत्र भएको उच्च अदालतमा पठाउनु पर्नेछ र सम्बन्धित उच्च अदालतले आफूसमक्ष मिसिल प्राप्त भएको मितिले साठी दिनभित्र त्यस्तो मुद्दाको कारबाही वा किनारा गर्नेछ।

## परिच्छेद-४
## <u>निर्णय अवधि, मुद्दाको कार्यविधि तथा पुनरावेदन</u>

९. <u>मिसिल, लिखत वा जवाफ पठाउनु पर्ने</u> : (१) न्यायाधिकरणले मुद्दामा प्रमाणको लागि आवश्यकपर्ने कुनै मिसिल, लिखत वा अन्य कुनै कागजात पेस गर्न कुनै निकाय वा अधिकारीलाई आदेश दिन वा कुनै कुराको स्पष्टीकरण वा जवाफ माग गर्न सक्नेछ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिम न्यायाधिकरणले दिएको आदेशको पालना गर्नु र न्यायाधिकरणले तोकेको समयभित्र स्पष्टीकरण वा जवाफ उपलब्ध गराउनु सम्बन्धित निकाय वा अधिकारीको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिमको आदेश पालना नगर्दा मुद्दाको कारबाही र किनारा गर्न ढिलो भएमा त्यस्तो आदेश पालना नगर्ने पदाधिकारीलाई न्यायाधिकरणले दफा १६ बमोजिम आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र क्षति भएको ठहरेमा क्षति पुग्ने पक्षलाई निजबाट मनासिव क्षतिपूर्तिसमेत भराइदिनु पर्नेछ।

१०. मुद्दाको किनारा गर्नुपर्ने अवधि : न्यायाधिकरणले मुद्दा दायर भएको मितिले नब्बे दिनभित्र त्यस्तो मुद्दाको किनारा गरिसक्नु पर्नेछ।

११. मुद्दाको कारबाही र किनारा गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि : यस ऐन अन्तर्गत दायर हुने मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

१२. पुनरावेदन : (१) यस ऐनबमोजिम न्यायाधिकरणले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले तीस दिनभित्र सर्वोच्च अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदन दर्ता भएको मितिले नब्बे दिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ।

१३. मेलमिलाप वा मिलापत्र हुनसक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम न्यायाधिकरणमा दर्ता भएका मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि मेलमिलाप वा मिलापत्रका लागि दुवै पक्षको निवेदन परेमा न्यायाधिकरणले मेलमिलाप वा मिलापत्र गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको मेलमिलाप वा मिलापत्रको कार्यान्वयन सम्बन्धित पक्षले गर्नु पर्नेछ।

१४. जिल्ला अदालतमार्फत मुद्दा दर्ता गर्न सकिने : (१) यस ऐनबमोजिम न्यायाधिकरणमा दर्ता हुने मुद्दा, निवेदन तथा लिखित जवाफ लगायतका लिखत दर्ता र न्यायाधिकरणबाट जारी हुने म्याद सूचनाको तामेली तोकिएबमोजिम सम्बन्धित जिल्ला अदालतमार्फत् गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुनआएका मुद्दा, निवेदन तथा लिखित जवाफ लगायतका कागजातहरू सम्बन्धित जिल्ला अदालतले तीन कार्यदिनभित्र छिटो माध्यमबाट न्यायाधिकरणमा पठाउनु पर्नेछ।

(३) सम्बन्धित जिल्ला अदालतले उपदफा (१) बमोजिम न्यायाधिकरणबाट जारी भएको म्याद बाटोको म्याद बाहेक दश दिनभित्र तामेल गराई तामेली प्राप्त भएको तीन दिनभित्र छिटो माध्यमबाट न्यायाधिकरणमा पठाउनु पर्नेछ।

१५. <u>अन्तरकालीन आदेश जारी गर्न सक्ने</u> : (१) न्यायाधिकरणमा विचाराधीन रहेको कुनै मुद्दामा कुनै पक्षले अन्तरकालीन आदेश माग गरेमा त्यस्तो निवेदनको व्यहोरा मनासिब लागेमा न्यायाधिकरणले अन्तरकालीन आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी आदेशको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

१६. <u>अवहेलनामा कारबाही चलाउन सक्ने</u> : (१) न्यायाधिकरणले आफ्नो न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा दफा ९ बमोजिम दिएको आदेशको पालना नगरेमा वा माग गरेको स्पष्टीकरण वा जवाफ समयभित्र उपलब्ध नगराएमा वा प्राधिकरणको निर्णय वा अन्तिम आदेशको अवज्ञा गरेमा न्यायाधिकरणको अवहेलनामा कारबाही चलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कारबाही चलाउँदा न्यायाधिकरणको अवहेलना गरेको ठहरेमा न्यायाधिकरणले कसूरदारलाई छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ।

तर न्यायाधिकरणलाई सन्तोष हुनेगरी कसूरदारले क्षमा याचना गरेमा न्यायाधिकरणले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न वा घटाउन सक्नेछ।

१७. <u>निर्णय कार्यान्वयन गर्नुपर्ने</u> : (१) यस ऐनबमोजिम न्यायाधिकरणले गरेको निर्णय त्यस्तो निर्णय अन्तिम भएपछि वा पुनरावेदन गर्ने म्याद सकिएपछि सम्बन्धित पक्षले निर्णय कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पक्षले निर्णय कार्यान्वयन नगरेमा वा दफा १३ को उपदफा (२) बमोजिम भएको मेलमिलाप वा मिलापत्रको आदेश कार्यान्वयन नभएमा पक्षले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ। यसरी निवेदन परेमा सम्बन्धित जिल्ला अदालतले त्यस्तो निर्णय कार्यान्वयन गराइ दिनु पर्नेछ।

## परिच्छेद-५
## <u>अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा, रजिष्ट्रार तथा कर्मचारी</u>

१८. <u>अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त र सुविधा</u> : अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका सर्त क्रमशः उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सरह हुनेछ।

१९. <u>रजिष्ट्रार</u> : (१) अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही न्यायाधिकरणको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने न्यायाधिकरणमा नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको एकजना रजिष्ट्रार रहनेछ।

(२) उपदफा (१) बमोजिमको रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) न्यायाधिकरणमा दर्ता गराउन ल्याएका निवेदन तथा मुद्दा दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भएमा दरपीठ गर्ने,

(ख) निवेदकले कानून व्यवसायी नियुक्त गरेकोमा वकालतनामा दर्ता गर्ने,

(ग) न्यायाधिकरणमा दर्ता हुन आएका निवेदन तथा मुद्दामा प्रचलित कानूनबमोजिम लाग्ने दस्तुर वा रकम दाखिला गराउने,

(घ) न्यायाधिकरणको म्याद तथा सूचना जारी गर्ने, तामेल गराउने र सो सम्बन्धमा आवश्यक निकासा दिने,

(ङ) कानूनबमोजिम मुद्दाका पक्षहरूको म्याद तारिख थाम्ने र तारिखसँग सम्बन्धित व्यवस्था मिलाउने,

(च) न्यायाधिकरणको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) मुद्दाको काम कारबाही सम्बन्धी अन्य कार्य गर्ने,

(ज) न्यायाधिकरणको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने, गराउने, र

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) उपदफा (१) बमोजिमको रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये कुनै अधिकार आवश्यकताअनुसार आफ्नो मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : न्यायाधिकरणलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

## परिच्छेद-६

## विविध

२१. <u>हदम्याद</u> : न्यायाधिकरणको अधिकारक्षेत्रभित्र पर्ने मुद्दामा प्रचलित कानूनमा हदम्याद उल्लेख भएकोमा सोहीबमोजिम र हदम्याद उल्लेख नभएको मुद्दा गर्नुपर्ने कारण परेको मितिले छ महिनाभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ।

२२. <u>सार्वजनिक पूर्वाधार निर्माण कार्य रोक्न नहुने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालत वा न्यायाधिकरणले अन्यथा आदेश गरेकोमा बाहेक अदालत वा न्यायाधिकरणमा मुद्दा दायर भएको आधारमा मात्र सार्वजनिक पूर्वाधार निर्माणसँग सम्बन्धित काम रोक्न पाइनेछैन।

२३. <u>विशेष इजलास गठन गर्नुपर्ने</u> : (१) दफा १२ बमोजिम दर्ता भएका पुनरावेदनको कारबाही र किनारा गर्न सर्वोच्च अदालतमा विषय विज्ञ न्यायाधीश रहने गरी विशेष इजलास गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने इजलाससम्बन्धी अन्य व्यवस्था सर्वोच्च अदालतले निर्धारण गरेबमोजिम हुनेछ।

२४. <u>श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत मुद्दाको कारबाही र किनारा गर्नसक्ने</u> : यस ऐनबमोजिम मुद्दाको कारबाही र किनारा गर्दा न्यायाधिकरणले आवश्यकताअनुसार श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत् गर्न सक्नेछ।

२५. <u>मुद्दा सर्ने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दा कुनै अदालत वा निकायमा विचाराधीन रहेकोमा त्यस्ता मुद्दा न्यायाधिकरणमा सर्नेछन्।

(२) उपदफा (१) बमोजिमका मुद्दासँग सम्बन्धित मुद्दाको सक्कल मिसिल न्यायाधिकरण गठन भएको मितिले एक महिनाभित्र न्यायाधिकरणमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मिसिल प्राप्त भएपछि न्यायाधिकरणले मुद्दा दर्ता गरी त्यस्तो मुद्दाको कारबाही वा किनारा गर्नेछ।

२६. <u>शपथ</u> : यस ऐनबमोजिम आफ्नो कार्यभार सम्हाल्नुअघि अध्यक्षले सर्वोच्च अदालतको प्रधान न्यायाधीशसमक्ष र सदस्यले अध्यक्षसमक्ष शपथसम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा सपथ लिनु पर्नेछ।

२७. <u>नेपाल सरकारसँग सम्पर्क</u> : न्यायाधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत् राख्नु पर्नेछ।

२८. <u>नियम बनाउने अधिकार</u> : यो ऐन कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२९. <u>कार्यविधि तथा निर्देशिका बनाउन सक्ने</u> : यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही न्यायाधिकरणले आफ्नो कार्यसम्पादनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

३०. <u>संशोधन</u> : मध्यस्थता ऐन, २०५५ मा देहायबमोजिम संशोधन गरिएको छ:–

(१) दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वाधार न्यायाधिकरण सम्बन्धी प्रचलित ऐनको अधिकारक्षेत्रसँग सम्बन्धित सम्झौतामा उपदफा (१) को अवस्था विद्यमान भएमा

उपदफा (३) बमोजिमको अधिकारको प्रयोग गरी सोही ऐनबमोजिमको पूर्वाधार न्यायाधिकरणले मध्यस्थको नियुक्ति गर्नेछ।"

(२) दफा ११ को उपदफा (४) को पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वाधार न्यायाधिकरण सम्बन्धी प्रचलित ऐनको अधिकारक्षेत्रसँग सम्बन्धित विषयमा उपदफा (३) बमोजिम भएको निर्णयउपर सोही ऐनबमोजिमको पूर्वाधार न्यायाधिकरणमा उजुर लाग्नेछ र सो न्यायाधिकरणले गरेको आदेश अन्तिम हुनेछ।"

(३) दफा १४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) करारको कुनै पक्षले मध्यस्थसमक्ष कुनै विवाद पेस गर्न चाहेमा त्यस्तो विवादको उत्पन्न हुने कारण सम्बन्धी घटना वा परिस्थितिको बारेमा जानकारी भएको वा जानकारी हुनुपर्ने अवस्था देखिएको मितिले तिस दिनभित्र विवाद पेस गर्ने विषयको दाबीको सूचना लिखित रूपमा मध्यस्थ र दोस्रो पक्षलाई दिनु पर्नेछ। सो म्याद भित्र सूचना नदिएमा त्यस्तो पक्षले सो विषयमा पछि दाबी गर्न पाउने छैन।"

(ख) उपदफा (२) मा रहेका "तीस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (३) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "सात दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३० को ठाउँ ठाउँमा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "उच्च अदालत वा पूर्वाधार न्यायाधिकरण सम्बन्धी प्रचलित ऐनको अधिकारक्षेत्रसँग सम्बन्धित सम्झौताको हकमा सोही ऐनबमोजिमको पूर्वाधार न्यायाधिकरण" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ३२ को उपदफा (३) मा रहेका "उच्च अदालतले" भन्ने शब्दहरूको सट्टा "उच्च अदालत वा पूर्वाधार न्यायाधिकरण सम्बन्धी प्रचलित ऐनको अधिकार क्षेत्रसँग सम्बन्धित सम्झौताको हकमा सोही ऐनबमोजिमको पूर्वाधार न्यायाधिकरणले" भन्ने शब्दहरू राखिएका छन्।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं